# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक



काँक्रेविहार राष्ट्रिय दैनिक
नियमित नआएमा
९८५-१३४४७५४
ग्राहक बन्नु परेमा



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १५२ | आइतवार, १ चैत, २०८२ | Sunday, 15 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


## कर्णालीमा

# समानुपातिकभन्दा प्रत्यक्षतर्फ बदर मत बढी

*“कुल २६ हजार ६१८ मत बदर हुदाँ समानुपातिकतर्फ २२ हजार ८३३ मत बदर भएका छन् । प्रदेशभर प्रत्यक्षतर्फ ५ लाख ६८ हजार २११ मत खसेकोमध्ये ५ लाख ४१ हजार ५९३ सदर हुँदा २६ हजार ६१८ मत बदर भएको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ ।”*

**काँक्रेविहार संवाददाता**
सुर्खेत, ३० फागुन

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनअन्तर्गत कर्णाली प्रदेशमा समानुपातिकभन्दा प्रत्यक्षतर्फ बढी मत बदर भएका छन् ।

सार्वजनिक तथ्यांक अनुसार प्रत्यक्षतर्फ कुल २६ हजार ६१८ मत बदर हुदाँ समानुपातिकतर्फ २२ हजार ८३३ मत बदर भएका छन् । प्रदेशभर प्रत्यक्षतर्फ ५ लाख ६८ हजार २११ मत खसेकोमध्ये ५ लाख ४१ हजार ५९३ सदर हुँदा २६ हजार ६१८ मत बदर भएको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ । यो कुल खसेको मतको करिब ४.६८ प्रतिशत बदर मत हो ।

कार्यालयका अनुसार समानुपातिकतर्फ भने ५ लाख ७७ हजार ६०१ मत खसेको थियो । जसमा ५ लाख ५४ हजार ७६८ सदर हुदाँ २२ हजार ८३३ मत बदर भएका छन्, जुन करिब ३.९५ प्रतिशत हो । यसले कर्णालीमा समानुपातिकभन्दा प्रत्यक्ष निर्वाचनमा मत बदर हुने दर बढी रहेको देखाउँछ । जिल्लागत अवस्थालाई हेर्दा सुर्खेत क्षेत्र नं. १ मा प्रत्यक्षतर्फ ६८ हजार ७१० मत खसेको थियो । जसमा ६६ हजार २२७ सदर हुदाँ दुई हजार ४८३ बदर भएका छन् । भने समानुपातिकतर्फ ६९ हजार २८९ मत खसेकोमा एक हजार ९८२ मत बदर भएका छन् ।

सुर्खेत क्षेत्र नं. २ मा प्रत्यक्षतर्फ ७२ हजार १२५ मत खसेकोमा तीन हजार ३५९ बदर भएका छन्, भने समानुपातिकतर्फ ७३ हजार ११३ मतमध्ये दुई हजार ६७१ मत बदर भएका छन् यस्तै, दैलेख क्षेत्र नं. १ मा प्रत्यक्षतर्फ ३९ हजार ९०७ मत खसेकोमा दुई हजार ६१ बदर भएका छन् । भने समानुपातिकतर्फ ४० हजार ३६३ मतमध्ये १ हजार ५६५ बदर भएका छन् । दैलेख क्षेत्र नं. २ मा प्रत्यक्षतर्फ ३९ हजार ८७३ मत खसेकोमा तीन हजार ३६० बदर भएका छन्, जुन करिब ८.४२ प्रतिशत हो । समानुपातिकतर्फ ४० हजार ७५५ मतमध्ये दुई हजार ८९५ मत बदर भएका छन् ।

जाजरकोट जिल्लामा प्रत्यक्षतर्फ ६१ हजार १२४ मत खसेकोमा तीन हजार ४५६ बदर भएका छन् । समानुपातिकतर्फ ६१ हजार ७२ ९ मत खसेकोमा तीन हजार ६१८ मत बदर भएको तथ्यांकमा उल्लेख छ ।

सार्वजनिक तथ्यांक अनुसार सल्यान जिल्लामा प्रत्यक्षतर्फ ८३ हजार १६७ मत खसेकोमा तीन हजार ४५८ बदर भएका छन् । भने समानुपातिकतर्फ ८३ हजार ८२५ मतमध्ये तीन हजार ३५ बदर भएका छन् ।

त्यस्तै, रुकुम पश्चिममा प्रत्यक्षतर्फ ६२ हजार ५३९ मत खसेको थियो । जसमा तीन हजार १६ बदर भएका छन् । भने समानुपातिकतर्फ ६३ हजार १५२ मत खसेकोमध्ये दुई हजार ३२५ मत बदर भएका छन् । कालिकोटमा प्रत्यक्षतर्फ ४१ हजार ३५० मत खसेकोमा एक हजार ९७३ बदर भएका छन् । समानुपातिकतर्फ ४२ हजार २३७ मतमध्ये एक हजार ८७० मत बदर भएका छन् । त्यस्तै, जुम्लामा प्रत्यक्षतर्फ ४० हजार ८७८ मत खसेकोमा एक हजार ७०५ बदर भएका छन् । समानुपातिकतर्फ ४१ हजार ४५१ म्त खसेकोमध्ये एक हजार ३३२ बदर भएका छन् । मुगुमा प्रत्यक्षतर्फ २२ हजार ७१ मत खसेकोमा ८४६ बदर भएका छन् । भने समानुपातिकतर्फ २२ हजार ३१८ मतमध्ये ७०६ मत बदर भएका छन् । डोल्पामा प्रत्यक्षतर्फ १६ हजार १९ मत खसेकोमा ५१३ बदर भएका छन् । समानुपातिकतर्फ १६ हजार ५४४ मतमध्ये ४४१ बदर भएका छन् ।

यता, हुम्लामा प्रत्यक्षतर्फ २० हजार ४४८ मत खसेकोमा ३८८ बदर भएका छन् । समानुपातिकतर्फ २२ हजार ८२५ मतमध्ये ३९३ मत बदर भएका छन् । समग्र तथ्यांकले कर्णाली प्रदेशमा मतदाता सहभागिता उल्लेख्य भए पनि प्रत्यक्षतर्फ मतपत्र बदर हुने दर तुलनात्मक रूपमा बढी रहेको देखाएको छ । निर्वाचनसम्बन्धी सचेतना र मत हाल्ने तरिकाबारे जानकारी अभावले बदर मत बढेको हुनसक्ने विश्लेषण गरिएको छ ।




### बदर मत किन बढे ?

कर्णाली प्रदेशमा निर्वाचनका क्रममा बदर मतको संख्या अनपेक्षाकृत बढी देखिएको छ । विशेषगरी प्रत्यक्षतर्फ समानुपातिकको तुलनामा बदर मत बढी हुनुका पछाडि विभिन्न कारणहरू रहेको जिल्ला स्थित निर्वाचन कार्यालयले जनाएका छन् ।

निर्वाचन कार्यालयहरुका अनुसार मतदाता शिक्षा कार्यक्रम लागु गरिए पनि मतदातामा मत हाल्ने तरिकाबारे पर्याप्त जानकारी नहुनु नै बदर मत बढ्नुको मुख्य कारण मानिएको छ । कतिपय मतदाताले मतपत्रमा सही तरिकाले छाप नलगाउँदा वा एकभन्दा बढी चिन्हमा छाप लगाउँदा पनि मत बदर भएको हो ।

निर्वाचनसम्बन्धी जानकार सरोकारवालाका अनुसार विशेषगरी ग्रामीण क्षेत्रमा मतदान प्रक्रिया सम्बन्धी जानकारी कम हुँदा यस्तो समस्या बढी देखिएको बताइन्छ । तर यस पटकको निर्वाचनमा दुर्गम भन्दा सुगम मानिएका सुर्खेत, रुकुमपश्चिम, दैलेख लगाएतका जिल्लामै बढि मत बदर भएको पाइएको छ ।

त्यसैगरी, प्रत्यक्षतर्फ धेरै उम्मेदवार र चुनाव चिन्ह हुनु पनि बदर मत बढ्नुको अर्को कारण मानिएको छ । मतपत्रमा धेरै चिन्ह हुँदा मतदाताले गल्ती गर्ने सम्भावना बढ्ने गरेको निर्वाचन पर्यवेक्षकहरूको भनाइ छ । मतदान केन्द्रमा पुगेपछि हतारमा मत हाल्ने, मतपत्र मोड्ने तरिका नमिल्नु, वा मतपत्रमा अनावश्यक चिन्ह लगाइनु जस्ता कारणले पनि मत बदर हुने गरेको प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी नन्दराम चौलागाईले बताए ।

उनका अनुसार कतिपय अवस्थामा मतदाताले दुई ठाउँमा छाप लगाउँदा वा छाप बाकस बाहिर लाग्दा पनि मत बदर भएका छन् । आगामी निर्वाचनमा सरोकारवालाले मत बदरको संख्या घटाउन मतदान अघि लामो समय व्यापक मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औंलिएको उनले बताए । मतदातालाई सही तरिकाले मतदान गर्ने तरिका बुझाउन सके बदर मत घटाउन सकिने उनको भनाइ छ ।

# ‘पश्चिम एसियाको द्वन्द्वप्रति सरकार सजग छ’

**काँक्रेविहार संवाददाता**
काठमाडौं, ३० फागुन

अन्तरिम सरकारका परराष्ट्रमन्त्री बालानन्द शर्माले पश्चिम एसिया (मध्यपूर्व) लगायत विश्वका विभिन्न क्षेत्रमा देखिएको अस्थिरता र द्वन्द्वप्रति सरकार गम्भीर र सजग रहेको बताएका छन् । गैरआवासीय नेपाली संघ (एनआरएनए) को १२ औं विश्व सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री शर्माले द्वन्द्वग्रस्त क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षा र हितलाई सरकारले उच्च प्राथमिकतामा राखेको स्पष्ट पारेका हुन् ।

पछिल्लो समय मध्यपूर्वमा विकसित घटनाक्रम र त्यसले हवाई सेवामा पारेको प्रभावका कारण नेपाली नागरिकहरूको आवतजावतमा प्रत्यक्ष असर परेको उल्लेख गरे । सम्भावित आपतकालीन अवस्थामा नागरिकका समस्या तत्काल सम्बोधन गर्न परराष्ट्र मन्त्रालयले ‘इमर्जेन्सी कन्ट्रोल रूम’ (आपतकालीन नियन्त्रण कक्ष) सञ्चालनमा ल्याइसकेको जानकारी उनले दिए ।

कन्ट्रोल रूममार्फत विदेशमा रहेका नेपाली नागरिक र स्वदेशमा रहेका उनीहरूका परिवारबिच मन्त्रालयले सूचना आदानप्रदान र समन्वयको सेतुका रूपमा काम गर्ने मन्त्री शर्माले प्रष्ट पारे । सम्बोधनकै क्रममा उनले पश्चिम एसिया क्षेत्रमा रहेका नेपाली नागरिकहरूलाई कुनै समस्या वा कठिनाइ परेमा तत्काल त्यहाँस्थित नेपाली राजदूतावासको सम्पर्कमा रहन र आफ्नो अवस्थाबारे जानकारी गराउन अपिल समेत गरेका छन् ।

उनले भने- ‘वर्तमान समयमा विश्वका केही क्षेत्रहरूमा देखिएका अस्थिरता र द्वन्द्वले प्रवासमा रहेका नेपालीहरूको सुरक्षाप्रति चिन्ता बढाएको छ । नेपाल सरकार यसप्रति सजग छ । विशेषगरी पश्चिमी एसिया तथा मध्यपूर्व क्षेत्रका विकसित घटनाक्रमहरूका कारण त्यहाँ कार्यरत नेपाली नागरिकहरूको अवस्थाप्रति स्वाभाविक रूपमा हाम्रो चासो बढेको छ । यो क्षेत्रमा हवाई सेवा प्रभावित हुँदा नेपाली नागरिकहरूको आवत जावतमा समेत प्रत्यक्ष प्रभाव परेको देखिएको छ । यस परिस्थितिलाई मध्यनजर गर्दै नेपाल सरकारले विदेशमा रहेका नेपाली नागरिकहरूको सुरक्षा, हित र सहायतालाई उच्च प्राथमिकतामा राख्दै आवश्यक समन्वय र समन्वयात्मक कार्यहरू अघि बढाएको छ ।’


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं ।

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं।

*विविधतामा एकता, सद्भाव र सहिष्णुता ।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


# एक साताभित्रै रास्वपा सरकार, बालेन प्रधानमन्त्री

**काँक्रेविहार संवाददाता**
काठमाडौं, ३० फागुन

गत फागुन २१ गते भएको चुनावको प्रत्यक्ष र समानुपातिक दुवैतर्फको मतगणना सकिएपछि अब धेरैको चासो छ- नयाँ सरकार कहिले बन्छ ? रास्वपाले सरकार बनाउँदैछ, यसमा दुई मत रहेन । रास्वपा वरिष्ठ नेता बालेन शाह प्रधानमन्त्री बन्ने छन्, यसमा विवादै भएन । अब केवल चासो हो- बालेनको नेतृत्वमा सरकार कहिले बन्छ ? अनि बालेन सरकारमा को को मन्त्री बन्छन् ?

प्रत्यक्ष र समानुपातिक दुवैतर्फको मतगणना सकिएपछि निर्वाचन आयोगले अहिले समानुपातिकतर्फको सिट बाँडफाँट गरिरहेको छ । तीन प्रतिशत मत ल्याएका अर्थात थ्रेस होल्ड पार गरेका ६ पार्टी छन् । ती ६ पार्टीलाई समानुपातिकका ११० सिट बाँडफाँट गरेपछि आयोगले तिनै दलहरुसँग प्राथमिकता सूची अनुसार निर्वाचित सदस्यहरुको नाम माग्ने छ । त्यसपछि आयोगले निर्वाचित २ सय ७५ सांसदको नामावलीसहितको प्रतिवेदन राष्ट्रपतिलाई बुझाउने छ । अनि सुरु हुन्छ- नयाँ सरकार गठनको प्रक्रिया ।

कसरी बन्छ नयाँ सरकार ? त्यो भन्दा पहिले नयाँ संसदको दलीय समीकरणबारे बुझिहालौं, त्यसमाथि पनि सबैभन्दा ठूलो दलको अवस्था हेरौं ।

प्रत्यक्षतर्फका १ सय ६५ मध्ये १२५ सिट जितेको रास्वपाले समानुपातिकतर्फ कम्तीमा ५७ सिट जित्दैछ र समग्रमा १ सय ८२ सिटसहित संसदमा सबैभन्दा ठूलो दल हुँदैछ । रास्वपाको यो अंकगणित हुँदा अरु कुनै पनि दलले सरकार बनाउने त सम्भावना नै रहेन । रास्वपाले पाएको यो सिट बहुमत मात्रै होइन, दुई तिहाइ नजिक हो । अरु २ सिट मात्रै जितेको भए रास्वपासँग दुई तिहाई नै हुन्थ्यो । तत्काल दुई तिहाई पुगेन । तर, राजनीतिमा सम्भावना सधैं रहन्छ । रास्वपालाई दुई तिहाइ समर्थन पुग्न सक्छ ।

मैले यो संख्या र सम्भावना किन भनेको हुँ भने- अब रास्वपाले एकल सरकार बनाउँछ । सरकार बनाउनका लागि रास्वपाले अरु कुनै पनि पार्टीहरुसँग गठबन्धन गर्नुपर्दैन । नेपालको संविधान २०७२ को धारा ७६ मा सरकार गठनसम्बन्धी व्यवस्था छ । र, पहिलो पटक धारा ७६ को उपधारा १ बमोजिम सरकार बन्दैछ । यसअघि उपधारा २ बमोजिम मात्रै सरकार बनेका थिए । पछिल्ला दश वर्षमा देशले पहिलो पटक बलियो सरकार पाउँदैछ । अझ भनौं- २०१६ सालयता, यति शक्तिशाली सरकार बन्न लागेको पनि यो पहिलो पटक नै हो । त्यतिबेला एउटै पार्टीको दुई तिहाई बहुमतको सरकारको नेतृत्व बीपी कोइरालाले गरेका थिए, अहिले एउटै पार्टीको करिव करिव दुई तिहाइ बहुमतको सरकारको नेतृत्व रास्वपा वरिष्ठ नेता बालेन शाहले गर्दैछन् ।

अझै पनि कतिपयले भन्दैछन् रास्वपाले बालेनलाई प्रधानमन्त्री नबनाउन पनि सक्छ । तर, यो आशंका मात्रै हो । यथार्थ होइन । बालेनलाई प्रधानमन्त्री बनाउने सहमति पुस १३ गते नै भइसकेको हो । त्यसयता न अर्को कुनै सहमति भएको छ, न अर्को कुनै निर्णय ।

तर, बालेन कहिले प्रधानमन्त्री बन्छन् त रु हो, यसका केही प्रक्रिया छन् । मैले अघि नै भनें, निर्वाचन आयोगले अब केही दिनमा राष्ट्रपतिलाई प्रतिवेदन बुझाउँछ । राष्ट्रपतिलाई प्रतिवेदन बुझाएपछि चुनाव सकिएको बुझिन्छ । त्यसपछि राष्ट्रपतिले संसदका ज्येष्ठ सदस्यलाई सपथ खुवाउँछन्, अनि ती ज्येष्ठ सदस्यले अरु २ सय ७४ जनालाई सपथ खुवाउँ छन् । त्यसपछि राष्ट्रिय मान्यता प्राप्त दलहरुले संसदीय दलको नेता चयन गर्छन् । त्यही क्रममा रास्वपाले पनि आफ्नो संसदीय दलको नेता छान्छ, नेता छानिने छन्- बालेन शाह । जब रास्वपाले बालेन शाहलाई संसदीय दलको नेता छान्छ, त्यसपछि राष्ट्रपति रामचन्द्र पौडेलले बहुमतप्राप्त दलको संसदीय दलको नेताको हैसियतमा बालेनलाई प्रधानमन्त्री नियुक्त गर्छन् । निर्वाचन आयोगले प्रतिवेदन बुझाउनेदेखि राष्ट्रपतिले बालेनलाई प्रधानमन्त्री बनाउनेसम्म बढीमा १० दिन लाग्न सक्छ, यसमा दुई चार दिन तलमाथि पनि हुन सक्छ ।

सम्पादकीय

# ग्याँस बिक्री कार्य व्यवस्थित गर

बजारमा ग्याँस अभाव हुने हल्लाले सुर्खेतको वीरेन्द्रनगर लगायत विभिन्न स्थानमा अनावश्यक त्रास सिर्जना गरेको छ । मध्यपूर्वमा उत्पन्न तनाव र त्यसको असर नेपालसम्म आइपुग्ने आशंकासहित फैलिएको अफवाहका कारण नागरिकहरू एकै घरका लागि दुईदेखि पाँचवटासम्म एलपी ग्याँस सिलिन्डर खरिद गरी भण्डारण गर्न थालेका छन् । परिणामस्वरूप ग्याँस पसलहरूमा भीड देखिएको छ र बजारमा कृत्रिम अभावको वातावरण बन्ने खतरा उत्पन्न भएको छ । तर वास्तविकता भने फरक छ । प्रशासन र सम्बन्धित निकायहरूले ग्याँस आपूर्तिमा कुनै समस्या नरहेको स्पष्ट पारिसकेका छन् । नेपाल आयल निगमका अनुसार देशमा ग्याँसको आयात नियमित रूपमा भइरहेको छ र मासिक खपतअनुसार आपूर्ति भइरहेको छ । यस अवस्थामा अभावको त्रास सिर्जना हुनु वा अत्यधिक भण्डारण गर्नु तर्कसंगत देखिँदैन । यस्तो अवस्थाले हाम्रो समाजमा अफवाहको प्रभाव अझै पनि बलियो रहेको देखाउँछ । सामाजिक सञ्जाल वा अनौपचारिक माध्यमबाट फैलिने अपुष्ट मिथ्या सूचनाले बजारको स्वाभाविक प्रणाली नै प्रभावित गर्न सक्छ । यसले कागजी रूपमा पूर्ण साक्षरता रहेको हाम्रो देशका नागरिकको वास्तविक साक्षर अवस्था र उनीहरूको सोच प्रष्ट झल्काउँछ ।

उपभोक्ताले आवश्यकताभन्दा बढी वस्तु खरिद गर्दा वास्तविक रूपमा अभाव नहुँदा पनि अभाव जस्तो देखिने स्थिति सिर्जना हुन्छ । यसले सर्वसाधारण उपभोक्तालाई झन् समस्या पार्छ । यस सन्दर्भमा प्रशासनको चेतावनी र आग्रह महत्त्वपूर्ण छ । भने वास्तिविक कुरा बुझ्ने र बुझेर मात्रै सोही अनुसार आफ्नो निर्णय लिने बानीको विकास हुन सबैमा जरूरी छ । राष्ट्रिय मानव अधिकार आयोगले पनि ग्याँस लगायत पेट्रोलियम पदार्थको आपूर्ति सुनिश्चित गर्न सरकारलाई निर्देशन दिएको छ । कतिपय व्यावसायीबाट कृत्रिम अभाव सिर्जना गर्ने गरेको लगायतका तथ्यहरू प्राप्त भएको र कारवाहीका लागि प्रक्रिया बढाएको आयोगले जनाएको छ । अनावश्यक भण्डारण गर्ने प्रवृतिलाई नियमन गर्नेतर्फ आवश्यक पहल गर्न र अत्यावश्यकीय वस्तुहरूको आपूर्तिको व्यवस्था अविलम्ब मिलाई उपभोक्ताको अधिकार संरक्षण गर्न आयोगले सरकारलाई निर्देशन पनि दिएको छ । भने प्रतिनिधिसभा निर्वाचनमा सीमा नाका बन्द हुने र मूल्यवृद्धि हुने डरले उपभोक्ताले ग्यास 'स्टक' गर्न थालेका थिए । अहिले पनि सोही प्रवृत्ति दोहोरिएको हो । तर भारतले अहिलेसम्म नियमित रूपमै ग्यास दिइरहेको सरकारले जनाएको छ ।

बजारमा कृत्रिम अभाव सिर्जना गर्ने उद्देश्यले ग्याँस भण्डारण गर्नु वा होल्डिङ गर्नु कानुनी रूपमा पनि दण्डनीय छ । त्यसैले व्यापारी र उपभोक्ता दुबैले जिम्मेवार व्यवहार गर्न आवश्यक छ । भने यसमा सम्बन्धित निकायहरूको पनि जिम्मेवारी कम छैन । ग्याँसको बिक्री वितरण प्रणालीलाई अझ व्यवस्थित र पारदर्शी बनाउनु आवश्यक छ । बजारमा अनुगमन कडाइका साथ सञ्चालन गर्न, अनियमितता गर्ने व्यवसायीलाई कारबाही गर्न र उपभोक्तालाई सत्य सूचना समयमै उपलब्ध गराउन राज्यका निकायहरू सक्रिय हुनुपर्छ । नेपाल आयल निगमले अनावश्यक भण्डारण रोक्न आधा सिलिन्डर (७.१ केजी) ग्याँस बिक्री गर्ने निर्णय गरेको छ । यस्तो कदमले बजारमा समान रूपमा ग्याँस वितरण गर्न सहयोग पुग्न सक्छ । तर दीर्घकालीन समाधान भनेको आपूर्ति प्रणालीमा विश्वास कायम गर्नु र बजार व्यवस्थापनलाई प्रभावकारी बनाउनु नै हो । अत्यावश्यक वस्तुको बजारमा स्थिरता कायम राख्न तीन पक्षको सहकार्य आवश्यक हुन्छ । जसमा सरकार, व्यवसायी र उपभोक्ताको सदैव विश्वास र स्थिरता कायम हुनुपर्छ । सरकारको प्रभावकारी नियमन, व्यवसायीको इमानदार वितरण प्रणाली र उपभोक्ताको जिम्मेवार व्यवहार भए मात्र कृत्रिम अभाव र अनावश्यक त्रासबाट बजारलाई जोगाउन सकिन्छ । त्यसैले ग्याँस बिक्रि कार्य व्यवस्थित गर ।

# 'ब्यालेट विद्रोह' का छ सन्देश



✍ राजुप्रसाद चापागाईं

दलहरूबीचको हारजित आफ्नो ठाउँमा छ, तर यसपालिको निर्वाचनबाट मुलुकले जितेको छ।

निर्धारित समयमा निर्वाचन सम्पन्न हुनु लोकतान्त्रिक स्थायित्वका दृष्टिले महत्त्वपूर्ण उपलब्धि हो। यसले अन्तर्राष्ट्रिय स्तरमा पनि नेपालको लोकतान्त्रिक प्रतिबद्धताको सकारात्मक सन्देश दिएको छ।

यो निर्वाचनको सबैभन्दा उल्लेखनीय पक्ष सत्ताधारी दलका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उदय हो।

यो परिणामलाई एक दलको विजयका रूपमा मात्र बुझ्नु पर्याप्त हुँदैन। यो लामो समयदेखि राजनीति सञ्चालन गर्दै आएका मुख्य दलहरू–विशेषगरी नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)–प्रति नेपाली मतदाताले व्यक्त गरेको राजनीतिक असन्तोष र दण्डको प्रकटीकरण हो।

चुनावी परिणामलाई रास्वपा र त्यसका उम्मेदवारहरूले जनताबाट प्रत्यक्ष 'राजनीतिक पुरस्कार' पाएको निष्कर्ष निकाल्नु पनि यथार्थपरक हुँदैन । बरू कांग्रेस, एमाले र माओवादीप्रति गहिरिएको असन्तोष र अविश्वासको चुनावी लाभ रास्वपाले प्राप्त गरेको देखिन्छ। अपवादबाहेक रास्वपाका अधिकांश उम्मेदवारको विजयलाई जनताले रास्वपाप्रति दर्शाएको 'शंकाको सुविधा' को परिणामका रूपमा बुझ्नु जायज हुन्छ।

समग्रमा यो परम्परागत दलहरूविरूद्ध जनताले गरेको मत-आधारित विद्रोह (ब्यालेट विद्रोह) हो। मतदाताले शान्तिपूर्ण तर शक्तिशाली ढंगले पुराना दलप्रति आफ्नो असन्तोष र वैकल्पिक ठानिएको रास्वपाप्रति आशा र अपेक्षा प्रकट गरेका छन्।

पुराना दलहरूप्रतिको जन-असन्तोष अचानक पैदा भएको होइन। विगत तीन दशकदेखि दोहोरिँदै आएका अस्थिर सरकार, कुशासन, दण्डहीनता, भ्रष्टाचार तथा राजनीतिक नैतिकताको संकटले मतदाताको धैर्य क्रमशः क्षीण बनाउँदै ल्याएको थियो। अघिल्ला निर्वाचनहरूमा समेत आम मतदाताहरूले विद्रोहको चेतावनी नदिएका होइनन् । अहिले त्यो असन्तोष पराकाष्ठामा पुगेको र मतमार्फत देशव्यापी रूपमा अभिव्यक्त भएको देखिन्छ।

यस प्रक्रियामा युवा मतदाताको भूमिका विशेष रूपमा उल्लेखनीय रह्यो। उनीहरूले नयाँ विकल्पका पक्षमा मतदान मात्र गरेनन्; सामाजिक र पारिवारिक वृत्तभित्र पनि वैकल्पिक राजनीतिक शक्तिका पक्षमा वातावरण निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेले ।

अर्को यथार्थ के हो भने, चुनावी परिणाम उम्मेदवारको व्यक्तिगत योग्यता, अनुभव वा पृष्ठभूमिले मात्र निर्धारण गरेको देखिँदैन । व्यापक राजनीतिक मनोविज्ञान र परिवर्तनको सामूहिक आकांक्षाले परिणामलाई निर्णायक रूपमा प्रभावित गरेको देखिन्छ। यही कारण रास्वाप्रति केन्द्रित आम मतदाताको आकर्षणले कतिपय जुझारू, अनुभवी र स्वच्छ छवि भएका अन्य दलका उम्मेदवारहरूलाई समेत पराजित गरायो।

यो समग्र परिदृश्यले एउटा स्पष्ट सन्देश दिन्छ – परिवर्तन सधैं सडकबाट मात्र आउँदैन! शान्त रूपमा मताधिकारको प्रयोगबाट पनि आउँछ!

यस अर्थमा ब्यालेट विद्रोहले नेपाली राजनीतिलाई पुनः परिभाषित गर्ने अवसर सिर्जना गरेको छ। त्यसैले यसबाट निष्कर्षित राजनीतिक सन्देशहरूलाई गम्भीरतापूर्वक बुझ्नु र त्यसबाट आवश्यक पाठ सिक्नु आजको महत्त्वपूर्ण आवश्यकता हो।

**१. दलको स्थायी सम्पत्ति होइन जनमत**

यो निर्वाचनले दिएको पहिलो र सबभन्दा स्पष्ट सन्देश यही हो – जनमत कुनै पनि दलको स्थायी सम्पत्ति होइन!

नागरिक समाजले लामो समयदेखि दलहरूलाई 'सकिने कि सुध्रिने?' भन्ने चेतावनी दिँदै आएका थिए। जनताले दलहरूबाट आत्मसमीक्षा, सुधार र नयाँ राजनीतिक संस्कृतिको अपेक्षा गरेका थिए। तर त्यो आवाजलाई दलहरूले गम्भीरतापूर्वक लिएनन् । समयसँगै उनीहरू आम जनताबाट टाढिँदै गए। उनीहरू उल्टो दिशामा अघि बढे।

लोकतान्त्रिक दलको वास्तविक जीवनशक्ति जनविश्वास हो भन्ने बिर्सिए। जनविश्वास र भरोसा यति विघ्न गुमाए कि, उनीहरू सफ्टवेयरविहीन डिभाइस जस्तै भए।

दलहरूले मतदातालाई आफ्नै पेवा जस्तो ठान्नु, कतिपय निर्वाचन क्षेत्रलाई स्थायी 'गढ' का रूपमा लिनु मूर्खतापूर्ण हुन्छ भन्ने कुरा स्थापित भएको छ। जनमत कुनै दल वा नेताको स्थायी स्वामित्वको विषय होइन, त्यसलाई निरन्तर आर्जन र नवीकरण गर्नुपर्छ भन्ने तथ्यलाई निर्वाचनको परिणामले पुनः पुष्टि गरेको छ।

जनताबाट एक पटक समर्थन प्राप्त भयो भन्दैमा त्यो सधैंका लागि सुरक्षित रहन्छ भन्ने धारणा लोकतान्त्रिक राजनीतिको स्वभावसँग मेल खाँदैन। लोकतन्त्रमा अन्तिम निर्णायक शक्ति सधैं मतदाताकै हातमा रहन्छ। नेपालको राजनीतिक इतिहासले यो सत्य बारम्बार प्रमाणित गरेको छ। कुनै समय अत्यन्त प्रभावशाली र लोकप्रिय देखिएका शक्तिहरू केही वर्षमै कमजोर अवस्थामा पुगेका उदाहरणहरू थुप्रै छन्। कांग्रेस, एमाले र तत्कालीन माओवादी – सबैले कुनै न कुनै समयमा व्यापक जनमत प्राप्त गरेका थिए। तर त्यसको प्रयोजन पूरा गर्न चुके।

परम्परागत दलहरूका लागि मात्र होइन यो सन्देश। नयाँ शक्तिका रूपमा उदाएको रास्वपाका लागि पनि उत्तिकै लागू हुन्छ। रास्वपाका पक्षमा मत दिएका सबै मतदाता रास्वपाका स्थायी समर्थक बनेका छैनन्, न त उनीहरूले पुराना दलहरूसँगको सम्बन्ध स्थायी रूपमा तोडेका छन्। आम मतदाता स्वतन्त्र छन्, साझा हुन्छन्।

यसै कारण 'गढ' वा 'पकड क्षेत्र' जस्ता राजनीतिक शब्दावलीहरू पनि क्रमशः अर्थहीन हुँदै गएका छन् । कुनै क्षेत्र वा समुदाय सधैं एउटै दलको प्रभाव क्षेत्रमा रहिरहन्छ भन्ने अब देखिँदैन। विश्वास जागे मतदाताले सत्तामा पुऱ्याउँछन्; निराश भए चुनावको अवसरलाई सदुपयोग गरेर पाखा लगाउँछन्। यो स्वस्थ लोकतन्त्रको मूल स्वभाव हो। त्यसैले लोकतन्त्रमा जनमत जति सहज रूपमा प्राप्त हुन्छ, जनअपेक्षाविपरीत व्यवहार भए त्यति नै छिटो गुम्न पनि सक्छ भन्ने यथार्थलाई सबभन्दा बढी रास्वपा र यसका निर्वाचित प्रतिनिधिहरूले हेक्का राखून्।

**२. जति धेरै जनविश्वास, त्यति धेरै अपेक्षा**

नयाँ राजनीतिक विकल्पप्रति देखिएको उत्साहजनक जनसमर्थनले एउटा स्पष्ट सन्देश दिएको छ – विश्वास जति ठूलो छ, जनअपेक्षा त्यति नै उचाइमा पुगेको छ।

मतदाताले अब सरकार परिवर्तन मात्र हेर्न चाहेका छैनन्; उनीहरूले शासन शैली, अधिकारमुखी कानुन तथा नीतिको कार्यान्वयन, कानुनी शासनको पालना र सार्वजनिक सेवामा ठोस सुधार देख्न चाहेका छन्।

जनताले शासनको गुणस्तरमै परिवर्तन चाहन्छन् । नीतिगत स्पष्टता, संस्थागत सुधार, भ्रष्टाचार नियन्त्रण, आर्थिक अवसरको विस्तार र दक्ष सार्वजनिक सेवा – यी सबै क्षेत्रमा छिटो र मापन गर्न सकिने प्रगति देखियोस् भन्ने अपेक्षा मतदातामा स्पष्ट देखिन्छ। अन्ततः जनविश्वास टिकाइराख्ने आधार राजनीतिक वाचा वा घोषणापत्र होइन, प्रत्यक्ष कार्यसम्पादन नै हुनेछ।

अर्को महत्त्वपूर्ण यथार्थ राजनीतिक इतिहासले बारम्बार देखाएको पनि छ – जब अपेक्षा उच्च हुन्छ, निराशा पनि त्यत्तिकै छिटो जन्मिन सक्छ।

अपेक्षा अनुसार परिणाम देखिएन भने जनसमर्थन घट्ने गति पनि तीव्र हुन सक्छ। त्यसैले नयाँ शक्तिका लागि जनादेश प्राप्त गर्नु जति चुनौतीपूर्ण छ, त्यसलाई दीर्घकालसम्म कायम राख्नु अझ कठिन कार्य हुन सक्छ।

यही कारण नयाँ राजनीतिक नेतृत्वका लागि निरन्तर आत्मसमीक्षा, कार्यसम्पादनको नियमित पुनरवलोकन र जनताबाट प्राप्त प्रतिक्रियालाई नीति तथा व्यवहारमा समेट्ने क्षमता अत्यावश्यक हुन्छ।

**३. मिश्रित निर्वाचन प्रणाली स्थिर सरकारका लागि बाधक हुँदैन**

नेपालको मिश्रित निर्वाचन प्रणालीबारे लामो समयदेखि बहस हुँदै आएको छ। प्रत्यक्ष र समानुपातिक प्रतिनिधित्वलाई संयोजन गरिएको यो प्रणालीले राजनीतिक समावेशिता सुनिश्चित गर्ने उद्देश्य बोकेको छ।

तर व्यवहारमा राजनीतिक स्थायित्वका दृष्टिले यसको प्रभावकारिता बेला बेला प्रश्नको विषय बन्दै आएको छ। चुनावी परिणाम अपेक्षा अनुसार नआउँदा त्यसलाई प्रणालीकै सीमासँग जोडेर व्याख्या गर्ने प्रवृत्ति पनि देखिन्छ।

तर पछिल्लो अनुभवले एउटा महत्त्वपूर्ण तथ्य स्पष्ट गरेको छ – आम मतदाताको चाहना प्रबल भयो भने, वर्तमान निर्वाचन प्रणाली आफैमा कुनै अवरोध बन्दैन । कुनै एक राजनीतिक शक्तिप्रति जनमतको तीव्र समर्थनले प्रणालीगत सीमाहरू समेत पार गर्दै स्पष्ट बहुमत र एकल सरकारको सम्भावनालाई यथार्थमा बदल्न सक्छ।

यही सन्दर्भमा रोचक विरोधाभास पनि देखिन्छ।

मिश्रित निर्वाचन प्रणालीलाई राजनीतिक अस्थिरताको कारण भन्दै संशोधनको आवश्यकता औंल्याउँदै आएका दलहरू – विशेषतः एमाले र कांग्रेस– लाई यसै प्रणालीबाट सबभन्दा बढी राहत मिलेको छ। प्रत्यक्ष निर्वाचन अन्तर्गत ऐतिहासिक रूपमा खुम्चिएको प्रतिनिधित्व समानुपातिक प्रतिनिधित्वको प्रावधानले केही हदसम्म विस्तार गर्न भूमिका खेलेको छ।

त्यसैले राजनीतिक अस्थिरताको मूल कारण प्रणालीमा भन्दा पनि राजनीतिक दलहरूको आचरण, गठबन्धन संस्कार र शासन शैलीमा खोजिनु बढी यथार्थपरक देखिन्छ।

**४. जनता परिणाम चाहेका छन्, प्रतिबद्धताको चाङ होइन**

नेपालको राजनीतिक भाष्यमा विकास, सुशासन र समृद्धिका वाचा दशकौंदेखि दोहोरिँदै आएका छन् । हरेक चुनावका बेला ठूला ठूला नारा, आकर्षक घोषणापत्र र महत्वाकांक्षी योजनाहरू सार्वजनिक गरिँदै आएका छन् – अहिले पनि त्यही क्रम जारी छ।

विगतमा तीमध्ये धेरै वाचाहरू व्यवहारमा रूपान्तरण हुन नसक्दा जनतामा क्रमशः निराशा बढ्दै गएको देखिन्छ। त्यसो नहुँदो हो त पछिल्लो जेनजी आन्दोलनको आवश्यकता पनि पर्ने थिएन।

राजनीतिमा भाषण, प्रतिबद्धता र वाचा अवश्य आवश्यक हुन्छन्। तर जब ती बारम्बार ब्ल्याङ्क चेक जस्ता बन्छन्, तब दलको विश्वसनीयता क्षीण हुँदै जान्छ। लामो समयसम्म दोहोरिएका वाचा मात्रले जनमत वा जनविश्वास टिकाइराख्न सक्दैनन्। प्रतिबद्धताको व्यावहारिक अनुवाद अपरिहार्य हुन्छ।

सबै कुरा एकैचोटि सम्भव नहुन सक्छ । तर कम्तीमा मापनयोग्य प्रगतिशील प्राप्ति (रभबकगचबदभि उचयनचभककष्खभ चभबष्शिबतष्यल) र त्यसबाट आम नागरिकको जीवनमा परेको समतामूलक प्रभाव देखाउन सक्नुपर्छ।

विकास, सुशासन र आर्थिक अवसर अब केवल राजनीतिक नाराका विषय होइनन्; ती नागरिक जीवनका प्रत्यक्ष आवश्यकतामा रूपान्तरित भइसकेका छन्। त्यसैले मतदाताहरू आकर्षक नारा र भाषणभन्दा पनि ठोस परिणाम हेर्न चाहन्छन्। अहिले मतदाताहरू पहिलेभन्दा बढी व्यावहारिक र सचेत बन्दै गएका छन्।

सडकको गुणस्तर, शिक्षा र स्वास्थ्य सेवाको पहुँच, रोजगारीका अवसर, जीविकोपार्जनका आधारको सुरक्षा, पारदर्शी र उत्तरदायी प्रशासन, 'विभेद, बहिष्करण, सीमान्तीकरण, भूमिहीनता, आवासविहीनता तथा चरम गरिबीजस्ता द्वन्द्वका संरचनात्मक कारक तत्वहरूको यथोचित र दिगो सम्बोधन' तथा सेवामा सहज र समतामूलक पहुँच – यी विषयहरू अब असाधारण अपेक्षा होइनन्। यी नागरिकका वैध अपेक्षा र दलहरूका थाति वाचाहरू हुन्।

यी केवल चुनावी घोषणापत्रका विषय होइनन्; संविधानले प्रत्याभूति गरेका आधारभूत अधिकारहरू हुन्।

यस अर्थमा अहिले देखिएको परिवर्तनलाई परिणाममुखी राजनीतिको बढ्दो सामाजिक मागको बाँकी पृष्ठ ३

# न कर्णालीवासी भेडा, नाईं कर्णाली गरिब

जब राज्य, समाज र नागरिक सबैले कर्णालीको इतिहास र सम्भावनालाई बुझ्छन्, तब कर्णाली केवल दुर्गम क्षेत्र होइन, नेपालको समृद्ध भविष्यको आधार बन्न सक्छ ।



✍ ई. किशोरविक्रम शाही

मुलुकमा जेन जी विद्रोहपछि ताजा जनादेशका लागि प्रतिनिधिसभाको निर्वाचनको नतिजापश्चात् कर्णाली कर्णालीवासीलाई भेडाको संज्ञा दिएर सामाजिक सञ्जालमा उछितो काढिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीलाई प्रत्यक्षतर्फ मत नदिएको भन्दै कर्णालीवासीको सक्दो अपमान गरिएको छ। रीलको अवधिलाई ध्यानमा राखी केही तथ्य राख्दै छु।

पहिलो कुरा, कर्णालीका बासिन्दा भेडा होइनन्। भेडाको बिम्ब अन्धो रूपमा अरूको पछि लाग्ने भन्ने अर्थ लाग्छ। तर कर्णालीका मानिसहरूले इतिहासदेखि नै आफ्नो पहिचान र अस्तित्वको रक्षा गर्दै आएका छन्। कठिन भौगोलिक अवस्था, दुर्गम पहाड र सीमित स्रोतका बाबजुद पनि उनीहरूले आत्मनिर्भर जीवन बिताएका छन्। कर्णालीका मानिसहरूमा श्रमप्रतिको सम्मान, सहकार्यको भावना र साहससँग कुनै तुलना छैन। बिगतको निर्वाचन नतिजा तथा त्यसपछि राजनीतिक दलले देखाएको आचरणले कर्णालीका जनतामा चेतना, राजनीतिक समझ र स्वतन्त्र निर्णय गर्ने क्षमता सही रहेको सन्देश दिन्छ। भेडाको बिम्ब अरूको पछि अन्धो रूपमा लाग्ने जनसमूहका रूपमा प्रयोग गरिएको छ।खैर राम्रो होस् तर कर्णालीका जनताले विभिन्न निर्वाचन र राजनीतिक घटनाहरूमा आफ्नो स्वतन्त्र निर्णय गरेर यो धारणा गलत साबित गरेका छन्।

नेपालमा २०४६ सालको जनआन्दोलनपछि २०४८ सालमा पहिलो संसदीय निर्वाचन भयो। त्यस निर्वाचनमा कर्णालीका मतदाताले आफ्नो परिस्थिति र राजनीतिक सोचअनुसार फरक-फरक दललाई मत दिएका थिए। यसले देखाउँछ कि कर्णालीका जनताले कुनै एक दलको अन्धो समर्थन गरेनन्।

केही क्षेत्रमा नेपाली कांग्रेसका र केही क्षेत्रमा एमालेका उम्मेदवार विजयी भए। नेमकिपाले पनि त्यति बेला कर्णालीमा जितेको थियो। यसले देखाउँछ कि मतदाताले आफ्नो हित, विचार र स्थानीय नेतृत्वलाई आधार मानेर मत दिएका थिए। पछिल्ला संसदीय निर्वाचनहरू जस्तैः २०५१ को मध्यावधि निर्वाचनमा वामपन्थी दलहरूको प्रभाव बढ्यो। २०५६ को निर्वाचनमा फेरि केही क्षेत्रमा अन्य दलहरू विजयी भए।

यदि कर्णालीका माण्ठ 'भेडा' जस्तै अन्धो रूपमा एकै पक्षमा लाग्ने भएको भए निर्वाचन परिणाममा यस्तो परिवर्तन हुँदैनथ्यो। २०६४ को संविधानसभा निर्वाचनमा देशभर नयाँ राजनीतिक शक्ति उदायो। कर्णालीमा पनि धेरै ठाउँमा माओवादीका उम्मेदवारहरूले जित हाँसिल गरे । कांग्रेस र एमालेले पनि जिते। यसले के देखाउँछ भने कर्णालीका जनताले परिवर्तन चाहिएको अवस्थामा नयाँ शक्ति र नयाँ नेतृत्वलाई पनि अवसर दिन सक्छन्। सामाजिक रुपान्तरणको क्रान्ति माओवादी क्रन्ति भन्नलाई हिच्किचाउनु पर्दैन। यसको आधार इलाका कर्णाली थियो। कर्णालीका वासिन्दा भेडा भएको भए यो आत्मसात् गर्दैन थिए। सायद तपाईंहरू अहिले उपयोग गरिरहेको समवेशिता समानुपातिक पद्धतिको स्वाद लिन पाउनुहुन्नथ्यो।

अहिले प्रतिनिधिसभा निर्वाचनमा पनि कर्णालीले मिश्रित जिम्मेवारी दिएको छ। काम नगर्नेलाई दण्ड, नयाँ आशा देखाउनेलाई अवसर, क्रान्तिकारी जनताको छवि बनाएका कर्णालीवासीले राजावादीको बिउसमेत जोगाइदिएका छन्। अझ भनौं २२ क्यारेट वाला शुद्ध नेपाली कम्युनिस्ट नेमकिमाको बिसौनी पनि कर्णाली हो।

कर्णालीका हरेक मजदुर र किसान नेपालको भूराजनीति तथा नेपाली राजनीतिक घटनाक्रमबारे शहरी भेगका विश्वविद्यालयमा अध्ययनरत तथा व्यापारीभन्दा बढी दखल राख्दछन्। बरु यसको कारण छलफलको विषय हुन सक्छ। कर्णालीवासी हरेक अगुवा अग्रजको सम्मान तथा नवआगंतुकको स्वागत गर्छन्। राजा नागराजदेखि खड्कराज विश्वकर्मा (क. प्रकाण्ड) सम्मको योगदानको सम्मान गर्छ कर्णालीले। खास नेपाली संस्कार बिर्सदैन। कर्णालीमा खानाखाने भाँडो पुरानो भए थन्क्याउँछन्, मुत्ने भाँडो बनाउँदैनन- यो हो असली नेपाली संस्कार, अनि हाम्रो पहिचान। कर्णालीले यो मुलुकलाई नेपाली भाषा, कला संस्कृति मात्र दिएको छैन, कर्णालीवासी स्थिर शान्त र धैर्यताको प्रतिमूर्ति पनि हुन्। कर्णालीको मौनतालाई कमजोरीको रूपमा लिन मिल्दैन।

इतिहासका विभिन्न निर्वाचन परिणामहरूले स्पष्ट देखाउँछ कि कर्णालीका वासिन्दा अन्धो रूपमा कसैको पछि लाग्ने 'भेडा' होइनन्। उनीहरू राजनीतिक रूपमा सचेत छन् र आफ्नो हित, विचार र परिस्थितिअनुसार निर्णय गर्छन्। यही कारणले विभिन्न समयका निर्वाचनमा फरक-फरक दल र नेतृत्व विजयी भएका छन्।

इतिहासका विभिन्न निर्वाचन परिणामहरूले स्पष्ट देखाउँछ कि कर्णालीका वासिन्दा अन्धो रूपमा कसैको पछि लाग्ने 'भेडा' होइनन्। उनीहरू राजनीतिक रूपमा सचेत छन् र आफ्नो हित, विचार र परिस्थितिअनुसार निर्णय गर्छन्। यही कारणले विभिन्न समयका निर्वाचनमा फरक-फरक दल र नेतृत्व विजयी भएका छन्।

**नाइँ कर्णाली गरिब**

कर्णाली गरिब गरिब भनेर भाष्य सिर्जना गरिएको छ, यो केवल केन्द्रमा बस्नेले राजनीतिक रोटी सेकाउनका लागि प्रयोग गरिएको शब्दवाली हो। यो चिन्ता होइन, यदि चिन्ता हुन्थ्यो भने त्यसको नतिजा राज्यको स्रोत साधन वितरणमा देखा पर्नुपर्ने हो। यो केवल हेपाइ हो। कर्णालीको समस्या गरिबी मात्र होइन, विकासको असमान वितरण हो। राज्यले लामो समयसम्म कर्णालीलाई आवश्यक पूर्वाधार, शिक्षा, स्वास्थ्य र यातायातको सुविधा पर्याप्त रूपमा उपलब्ध गराउन सकेन। यही कारणले कर्णाली पछाडि परेको जस्तो देखियो। यद्यपि पछिल्ला वर्षहरूमा सडक, विद्युत्, शिक्षा र पर्यटन विकाससँगै कर्णालीमा परिवर्तन पनि देखिन थालेको छ। कर्णालीको जलविद्युत्, प्राकृतिक ग्यास, जडिबुटी र पर्यटनले नेपालकै भविष्य उज्जल बनाउन सक्छ।

'न कर्णालीवासी भेडा, नाई कर्णाली गरिब' भन्ने बाक्य मात्र होइन यो महत्त्वपूर्ण सन्देश हो- कर्णालीलाई हेर्ने दृष्टिकोण बदलिनुपर्छ। कर्णालीका मानिसहरूलाई सम्मान र समान अवसर दिएर विकासको मूलधारमा ल्याउनु आवश्यक छ। जब राज्य, समाज र नागरिक सबैले कर्णालीको इतिहास र सम्भावनालाई बुझ्छन्, तब कर्णाली केवल दुर्गम क्षेत्र होइन, नेपालको समृद्ध भविष्यको आधार बन्न सक्छ।

# हुम्लाका कुन पालिकाको कार्यसम्पादन कस्तो ?



❒ **काँक्रेविहार संवाददाता**
हुम्ला, ३० फागुन

जिल्लाका स्थानीय तहहरूमध्ये कार्यसम्पादन मूल्याङ्कनमा सिमकोट गाउँपालिका पहिलो स्थानमा परेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को अन्तिम मूल्याङ्कन प्रतिवेदनअनुसार सिमकोट गाउँपालिकाले सबै स्थानीय तहलाई पछि पार्दै शीर्ष स्थान हासिल गरेको हो।

प्रारम्भिक नतिजामा सिमकोट गाउँपालिकाले ६२.९ प्रतिशत अंक प्राप्त गरी दोस्रो स्थानमा रहेको थियो। उक्त नतिजाप्रति असन्तुष्टि जनाउँदै गाउँपालिकाले तीन वटा विषयमा प्रमाणसहित पुनरावलोकनका लागि निवेदन दिएको थियो। आयोगले त्यसबारे अध्ययन गरेपछि अन्तिम नतिजामा ७५.८७ प्रतिशत अंक प्रदान गर्दै सिमकोट गाउँपालिकालाई पहिलो स्थानमा राखिएको गाउँपालिकाका लेखा अधिकृत विशाल बोहराले जानकारी दिए।

प्रतिवेदनअनुसार ७१.६८ प्रतिशत अंकसहित खार्पुनाथ गाउँपालिका दोस्रो स्थानमा रहेको छ भने ६२.४६ प्रतिशत अंकसहित ताँजाकोट गाउँपालिका तेस्रो स्थानमा परेको छ। त्यसैगरी चंखेली गाउँपालिकाले ६०.५५ प्रतिशत, नाम्खा गाउँपालिकाले ५४.८९ प्रतिशत, सर्केगार्ड गाउँपालिकाले ४८.३० प्रतिशत र अदानचुली गाउँपालिकाले ४७.७५ प्रतिशत अंक प्राप्त गरेका छन्।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश तथा स्थानीय तहको कार्यसम्पादनका आधारमा वित्तीय समानीकरण अनुदानको अंक निर्धारण गर्ने गर्दछ।

मूल्याङ्कनमा बजेट समयमै ल्याउने, बेरुजु फछ्र्यौट गर्ने, राजस्व संकलन बढाउने, स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको प्रयोग गर्ने तथा वित्तीय अनुशासन कायम गर्ने जस्ता सूचकहरूलाई आधार बनाइन्छ। आयोगले गत माघ २९ गते प्रारम्भिक नतिजा सार्वजनिक गर्दै सात दिनभित्र पुनरावलोकनका लागि सूचना जारी गरेको थियो। सो अवधिमा स्थानीय तहहरूले छुट भएका विवरणहरू पेस गरेपछि अध्ययन गरेर अन्तिम नतिजा सार्वजनिक गरिएको हो।

सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले आयोगको मूल्याङ्कनले स्थानीय तहको पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासनलाई मापन गर्ने महत्वपूर्ण आधार भएको बताए। जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाबीचको सहकार्यका कारण गाउँपालिकाले जिल्लामै पहिलो स्थान हासिल गर्न सफल भएको उनको भनाइ छ।

उनले आगामी दिनमा पनि वित्तीय अनुशासन कायम राख्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाइने बताए। कार्यसम्पादन मूल्याङ्कनले वित्तीय अनुशासन, जवाफदेहिता तथा कार्यसम्पादनमा आधारित अनुदान वितरणलाई प्रभावकारी बनाउने विश्वास गरिएको छ।

आयोगका अनुसार विकास कार्यक्रमको कार्यान्वयन, बजेटको प्रभावकारी उपयोग, प्रशासनिक क्षमता र जनसहभागितालाई समेत मूल्याङ्कनका आधारका रूपमा समेटेर अंक निर्धारण गरिएको हो।

# कुकुरलाई रेबिजविरुद्ध खोप अभियान सुरु



❒ **काँक्रेविहार संवाददाता**
सल्यान, ३० फागुन

शारदा नगरपालिकाले पालिकाभित्र रहेका छाडा तथा घरपालुवा कुकुरहरूलाई लक्षित गर्दै रेबिजविरुद्ध खोप अभियान सुरु गरेको छ। नगरपालिकाको पशु सेवा शाखामार्फत विभिन्न वडामा खोप कार्यक्रम सञ्चालन गरिएको हो। नगरपालिकाका अनुसार गाउँ-वस्तीसँगै खलंगा र श्रीनगर बजार लगायतका व्यावसायिक क्षेत्रमा समेत खोप अभियान सञ्चालन भइरहेको छ।

पशु सेवा शाखा प्रमुख तथा पशुचिकित्सक दीपा पौडेलका अनुसार हालसम्म नगरपालिकाका विभिन्न स्थानमा २४६ वटा कुकुरलाई रेबिजविरुद्ध खोप लगाइ सकिएको छ। उनले रेबिज कुकुरबाट मानिसमा सर्न सक्ने अत्यन्तै घातक रोग भएकाले समयमै रोकथाम आवश्यक रहेको बताए। यस अभियानमार्फत रोग नियन्त्रणसँगै समुदायमा स्वास्थ्य सचेतना बढाउने लक्ष्य राखिएको उनको भनाइ छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश देवकोटाले नगरपालिकाका सबै वडामा खोप अभियान विस्तार गर्ने योजना रहेको बताए।

प्रत्येक कुकुरसम्म खोपको पहुँच पुऱ्याउन आवश्यक व्यवस्थापन मिलाइँदै गएको उनले जानकारी दिए। मानव अधिकारकर्मी रामचन्द्र रेग्मीले स्थानीय सरकारले सञ्चालन गरेको रेबिजविरुद्धको खोप अभियान सराहनीय भएको बताए। मानव स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर गरिएको यस्तो पहलले समुदायमा स्वास्थ्य सचेतना र जिम्मेवारीबोध बढाउने उनको विश्वास छ। नगरपालिकाका अनुसार यो अभियानले पशु स्वास्थ्यमा सुधार ल्याउनुका साथै मानिसलाई रेबिज संक्रमणबाट जोगाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

# खानेपानी सङ्कट पर्दा हजारौं विद्यार्थी प्रभावित



❒ **काँक्रेविहार संवाददाता**
सल्यान, ३० फागुन

गर्मी सुरु भएसँगै मुहान सुक्दा सल्यानको बनगाड कुपिण्डे नगरपालिका-५ शंखपिपल, च्युरास्थित त्रिभुवन जनता माध्यमिक विद्यालयमा खानेपानीको चरम अभाव भएको छ। मुहान सुकेपछि विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक तथा कर्मचारी दैनिक पानीको समस्या झेल्न बाध्य भएका छन्।

विद्यालय स्रोतका अनुसार हाल गाउँमा सञ्चालनमा रहेको सोलार लिफ्ट प्रणालीबाट दिनभरमा करिब दुई सयदेखि पाँच सय लिटरसम्म मात्रै पानी उपलब्ध हुने गरेको छ। उक्त पानीले विद्यार्थीहरूको पिउने आवश्यकतासमेत पूरा गर्न नसक्ने अवस्था रहेको विद्यालयका निमित्त प्रधानाध्यापक प्रशान्त सुनारले जानकारी दिए। उनका अनुसार पहिले खैरागार क्षेत्रको तल रहेको मुहानबाट विद्यालयमा पानी आपूर्ति हुने गरेको थियो। तर हाल उक्त मुहान सुकिसकेको छ र गर्मी बढ्दै जाँदा पानीको समस्या थप गम्भीर बन्दै गएको छ।

खानेपानी अभावका कारण विद्यालयको सरसफाइ र शौचालय प्रयोगमा समेत समस्या भएको छ। पानी अभावले शौचालय सञ्चालनमा कठिनाइ भएको र विद्यालयको नियमित सरसफाइ कायम राख्न चुनौती थपिएको निमित्त प्रधानाध्यापक सुनारले बताए। विद्यालयमा हाल ९०१ जना विद्यार्थी अध्ययनरत छन्। विद्यालय सञ्चालन भइरहे पनि धेरै विद्यार्थीले पिउने पानीसमेत नपाउने अवस्था रहेको शिक्षकहरूले बताएका छन्।

खानेपानी समस्या समाधानका लागि बनगाड खोलानजिक कुवा खनेर लिफ्ट प्रणालीमार्फत पानी ल्याउनु उपयुक्त विकल्प हुन सक्ने विद्यालय प्रशासनले जनाएको छ। विद्यालयले लिजमा लिएको जग्गामा कुवा खनी त्यहाँबाट पानी तानेर विद्यालयमा पुऱ्याउने सम्भावना देखिएको निमित्त प्रधानाध्यापक सुनारको भनाइ छ। साथै अभिभावक तथा स्थानीय सरोकारवालाहरूले पनि विद्यालयमा देखिएको खानेपानी समस्याको तत्काल समाधान गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्।

# सिम्ताको १८औं गाउँसभामा संशोधित बजेट तथा कार्यक्रम सर्वसम्मत पारित

❒ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ३० फागुन

सिम्ता गाउँपालिका को गाउँसभाको १८औं अधिवेशन सम्पन्न भएको छ। अधिवेशनमा आर्थिक वर्ष २०८२/८३ का लागि संशोधित बजेट तथा कार्यक्रम प्रस्तुत गरी छलफलपछि सर्वसम्मत रूपमा पारित गरिएको छ। गाउँपालिका उपाध्यक्ष गोमा शर्मा रेग्मी ले सभामा संशोधित बजेट, योजना तथा विभिन्न ऐन-कार्यविधि प्रस्तुत गरेकी थिइन्। उनका प्रस्तावमाथि गाउँसभा सदस्यहरूले छलफल गर्दै सुझाव राखेका थिए भने अन्ततः प्रस्ताव सर्वसम्मत रूपमा पारित गरिएको हो। गाउँसभामा निर्वाचित जनप्रतिनिधिहरूले सिम्ता गाउँपालिकाको सामाजिक, आर्थिक, भौतिक, शैक्षिक तथा सांस्कृतिक विकासलाई प्राथमिकतामा राख्दै योजनाबद्ध रूपमा काम अघि बढाइएको बताएका छन्। सीमित स्रोत-साधनलाई समानुपातिक र न्यायोचित रूपमा वितरण गर्दै अधिकतम प्रतिफल प्राप्त हुने गरी




कार्यक्रम तथा योजना तर्जुमा गर्ने नीति गाउँपालिकाले अवलम्बन गरेको जनाइएको छ।

अधिवेशनले १७औं गाउँसभादेखि हालसम्म गाउँकार्यपालिकाको बैठकबाट पारित भएका विभिन्न कार्यविधि, मापदण्ड तथा निर्णयहरूलाई पनि अनुमोदन गरेको छ। साथै, आर्थिक वर्ष २०८२/८३ को साउनदेखि हालसम्म भएका प्रगति विवरण सम्बन्धित शाखा प्रमुखहरूले सभामा प्रस्तुत गरेका थिए। प्रमुख प्रशासकीय अधिकृत धनीराम शर्मा का अनुसार असारमा बजेट ल्याउँदा विनियोजन भएका केही शीर्षकमा खर्च हुन नसकेका ठूला योजनाहरू संशोधन गरिएको छ। शिक्षा क्षेत्रसँग सम्बन्धित कार्यविधि अन्तर्गत विद्यार्थी संख्या कम भएका विद्यालयहरूलाई गाभ्ने (मर्ज गर्ने) व्यवस्था पनि गाउँसभाबाट पारित गरिएको उनले जानकारी दिए। त्यस्तै, कार्यान्वयन हुन नसकेका केही वडागत योजनामा आवश्यक रकमान्तर गर्ने निर्णय पनि गरिएको छ। गाउँसभाले वास इकाइ निर्माण गर्ने तथा आवश्यक योजनामा रकम स्थानान्तरण गर्ने निर्णय समेत गरेको जनाएको छ।

यसैगरी, अधिवेशनबाट 'हेलो धारा परियोजना कार्यविधि २०८२' स्वीकृत गरिएको छ भने परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि परियोजना व्यवस्थापन समिति गठन गर्ने निर्णय पनि गरिएको छ।

गाउँपालिका अध्यक्ष ऐन बहादुर चन्द को अध्यक्षतामा सम्पन्न अधिवेशनमा उपाध्यक्ष गोमा शर्मा रेग्मी, प्रमुख प्रशासकीय अधिकृत धनीराम शर्मा, वडा अध्यक्षहरू, वडा सदस्यहरू, कार्यपालिका सदस्य तथा गाउँपालिकाका कर्मचारीहरूको उपस्थिति रहेको थियो। अधिवेशनमार्फत पारित भएका कार्यक्रम तथा निर्णयहरूले गाउँपालिकाको समग्र विकास, सेवा प्रवाहको प्रभावकारिता र सुशासन प्रवर्द्धनमा थप टेवा पुग्ने अपेक्षा गरिएको गाउँपालिकाले जनाएको छ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४७५४ मा सम्पर्क गर्नुहोला।

## ब्यालेट...

प्रकटीकरणका रूपमा पनि बुझ्न सकिन्छ। जनताले अब वाचा होइन, कार्यसम्पादनको प्रमाण खोजिरहेका छन् भन्ने सन्देश विजयी दलहरूले मात्र होइन, पराजित दलहरूले पनि गम्भीरतापूर्वक बुझ्न आवश्यक छ।

छलछाम वा खोक्रा वाचामार्फत पराजितहरूको पुनरूत्थान सम्भव हुने छैन। 'ब्यालेट विद्रोह' ले दिएको मुख्य सन्देशमध्ये यो पनि एक हो।

**५. स्थापित दलहरूको हार, पुनर्निर्माणको अवसर**

लामो समयदेखि सत्ताको केन्द्रमा रहेका दलहरूले शासन सञ्चालनको महत्त्वपूर्ण अनुभव सञ्चित गरेका छन्। राज्य सञ्चालन, नीतिनिर्माणमा उनीहरूको भूमिका छ।

तर यही लामो राजनीतिक यात्राको क्रममा जनतामा उनीहरूप्रति गहिरो वितृष्णा पनि विकसित हुँदै गयो, जसको परिणाम स्वरूप अहिलेको ऐतिहासिक पराजय आइपुग्यो। तथापि यसलाई दलहरूको अन्तिम पराजयका रूपमा बुझ्नु आवश्यक छैन। बरू दल पुनर्निर्माणको अवसरका रूपमा लिन सकिन्छ।

अहिले उनीहरूका लागि आत्मसमीक्षा गर्ने, आफ्नो राजनीतिक कार्यशैली पुनः परिभाषित गर्ने, नेतृत्व पुस्तान्तरण गर्ने, आन्तरिक लोकतन्त्र सुदृढ गर्ने र जनविश्वास पुनः आर्जन गर्ने अवसर खुलेको छ। उनीहरूले यस अवसरलाई कसरी बुझ्छन् र समयोचित कदम चाल्छन् कि चाल्दैनन् – त्यो समयले नै देखाउनेछ।

लोकतान्त्रिक व्यवस्थामा कुनै पनि राजनीतिक दलको शक्ति केवल इतिहास, संगठन वा परम्परागत आधारमा टिकिरहँदैन। त्यो निरन्तर जनविश्वास र कार्यसम्पादनबाट नवीकृत हुँदै जान्छ।

चुनौतीलाई सकारात्मक रूपमा ग्रहण गर्न सकेमा स्थापित दलहरूका लागि अहिलेको समय पुनर्निर्माण र नवीकरणको महत्त्वपूर्ण अवसर बन्न सक्छ।

**६. खोजी नयाँ दलको होइन, नयाँ राजनीतिक संस्कृतिको**

यो निर्वाचनले देखाएको अर्को महत्त्वपूर्ण संकेत नयाँ राजनीतिक संस्कृतिको खोजी हो।

मतदाताले केवल सत्ताधारी दल परिवर्तन गरेका छैनन्; उनीहरूले राजनीतिक शैली, संस्कार र कार्यपद्धतिमा पनि परिवर्तनको अपेक्षा व्यक्त गरेका छन्।

यसका संकेतहरू मतदान व्यवहारमै देखिएका छन्। परम्परागत रूपमा राजनीतिमा दीर्घकालदेखि संलग्न पेशेवर व्यक्तिहरूभन्दा पेसागत दक्षता र तुलनात्मक रूपमा नयाँ उम्मेदवारप्रति आकर्षण बढ्दै गएको देखिन्छ।

यसले नेपाली राजनीतिमा परिवर्तनको एउटा सूक्ष्म तर महत्त्वपूर्ण प्रवृत्ति देखाउँछ। अब राजनीतिक शक्ति परम्परागत संगठन, वंश वा संरचनाको निरन्तरताबाट मात्र सुरक्षित रहने अवस्था क्षीण हुँदै गएको छ। यो प्रवृत्तिले लोकतन्त्रलाई अझ उत्तरदायी, परिणाममुखी र दिगो बनाउन सक्छ। यसले राजनीतिमा नयाँ पुस्ताको सहभागिता, नवप्रवर्तन र नेतृत्वको गुणस्तर पनि सुदृढ गर्ने सम्भावना देखिन्छ।

अन्ततः यस पटक देखिएको 'ब्यालेट विद्रोह' ले निर्वाचित नयाँ शक्तिलाई देशको दिशा बदल्ने र दशा सुधार्ने ऐतिहासिक अवसर दिएको छ भने परम्परागत दलहरूलाई पनि आत्मसमीक्षा गर्दै आफूलाई सुधार्ने महत्त्वपूर्ण सन्दर्भ प्रदान गरेको छ।

जित्नु भनेको सत्तामा पुग्नु मात्र होइन, जनताप्रतिको गम्भीर जिम्मेवारीको भार बोक्नु हो। त्यसैगरी हार्नु भनेको जिम्मेवारीबाट मुक्त हुनु होइन, बरू लोकतान्त्रिक दायित्वलाई अझ गम्भीरतापूर्वक आत्मसात् गर्ने अवसर हो।

देशले सामना गरिरहेका गम्भीर चुनौतीहरू समाधान गर्न तथा दिगो शान्ति र समृद्धिको प्रतिबद्धता पूरा गर्न सबै राजनीतिक दल र शक्तिहरूको साझा प्रयास अपरिहार्य छ। जित्ने र हार्ने दुवैले यस परिणामलाई अवसरका रूपमा ग्रहण गर्दै जिम्मेवारीबोधका साथ रचनात्मक भूमिका खेल्न आवश्यक छ।

अस्थिरता, दण्डहीनता र कुशासनको चक्र तोड्दै जबाफदेही, पारदर्शी र परिणाममुखी शासनको दिशामा अघि बढ्नु आजको अनिवार्य आवश्यकता हो। यही नै सम्पूर्ण नागरिकहरूको वैधानिक र न्यायोचित अपेक्षा हो।

*(लेखक राजुप्रसाद चापागाईं वरिष्ठ अधिवक्ता हुन्)*

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

# योजनामा विवाद भएपछि १८औँ नगरसभा स्थगित

❐ कांक्रेविहार संवाददाता
सुर्खेत, ३० फागुन

भेरीगंगा नगरपालिका को १८औँ नगरसभा अन्ततः स्थगित भएको छ। शुक्रबार दिउँसो १ बजेको लागि आह्वान गरिएको नगरसभाको बैठक लामो समयसम्म सुरु हुन नसकेपछि बैठक स्थगित गरिएको हो। दिउँसो १ बजे बस्ने भनिएको नगरसभा बैठक ३ बजेसम्म पनि सुरु हुने संकेत नदेखिएपछि नगरसभा सदस्यहरू हलभित्र र बाहिर प्रतीक्षारत अवस्थामा रहेका थिए। केही सदस्यहरू "आज सभा बस्दैन जस्तो छ" भन्दै बाहिरि एका थिए भने कतिपय सदस्यहरू भने सभा सञ्चालन हुने आशामा हल वरिपरि नै बसेका थिए।

नगरसभा सुरु गर्नका लागि उपप्रमुख, सभासचिव तथा नगरसभा सदस्यहरूबीच पटक-पटक छलफल भए पनि सहमति जुट्न सकेन। नगरकार्यपालिकामा छलफल नै नभएका योजनाहरू नगरसभामा प्रस्तुत गर्न खोजिएको भन्दै धेरै सदस्यहरूले आपत्ति जनाएका थिए। कार्यपालिकामा छलफल नभएका विषयहरू नगरसभामा ल्याइएको अवस्थामा सभामा बस्नुको कुनै अर्थ नहुने अडान सदस्यहरूले राखेका थिए।

उक्त विषयमा सहमति खोज्न विभिन्न चरणमा छलफल भए पनि अन्ततः विवाद समाधान हुन नसकेपछि नगरसभा सञ्चालन हुन सकेन। केही समयपछि सहमति भएको भन्दै सदस्यहरूलाई हलभित्र बोलाइए पनि अन्तिम समयमा पुनः योजनाकै विषयमा मतभेद देखिएपछि बैठक अघि बढ्न सकेन। नगरसभाको बैठक सञ्चालनका लागि बारम्बार आग्रह गरिए पनि अधिकांश सदस्यहरू हलभित्र प्रवेश नगरेपछि नगरप्रमुख तथा सभा अध्यक्ष यज्ञप्रसाद ढकाल समेत सभा हलमा प्रवेश गर्न पाएनन्।

नगरप्रमुख ढकालले सबै विषयमा सहमति जुटेको जस्तो देखिए पनि अन्तिम समयमा सदस्यहरू फर्किएकाले बैठक सञ्चालन हुन नसकेको बताएका छन्। उनले सहमतिका आधारमा छिट्टै नगरसभा पुनः सञ्चालन गरिने जानकारी दिएका छन्। नगरसभा स्थगित भएसँगै नगरपालिकाका विभिन्न योजना तथा कार्यक्रम सम्बन्धी निर्णयहरू पनि केही समयका लागि अन्योलमा परेको छ। स्थानीय तहको महत्वपूर्ण निर्णय गर्ने मञ्च नै स्थगित भएपछि नगरपालिकाको कार्यप्रणाली प्रभावित हुने भन्दै सरोकारवालाहरूले छिटो सहमति जुटाएर नगरसभा सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याएका छन्।

# प्रतिनिधिसभा सदस्य निर्वाचनमा ४.७ प्रतिशत मत बदर

❐ कांक्रेविहार संवाददाता
काठमाडौं, ३० फागुन

यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा चार दशमलव सात प्रतिशत मत बदर भएको निर्वाचन आयोगले जनाएको छ।

आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार पहिलो हुने निर्वाचित हुने र समानुपातिक दुवै निर्वाचन प्रणलीमा उक्त परिमाणमा मद बदर भएको हो।

उनका अनुसार विसं २०७९ मङ्सिरमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा बदर मत प्रतिशत ५.०६ प्रतिशत थियो भने २०७४ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा बदर मतको प्रतिशत ५.१८ प्रतिशत थियो।

विसं २०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा सदस्य निर्वाचनमा ४.९६ प्रतिशत मत बदर भएको थियो। यसैगरी २०६४ साल चैत २८ गते सम्पन्न संविधानसभाको पहिलो निर्वाचनमा भने ५.१५ प्रतिशत मत बदर भएको थियो।

आयोगका अनुसार विगतका पाँच वटा निर्वाचनको तुलनामा यसपटक औसतमा कम मत बदर भएको छ।

# पहिचान झल्किने प्रवेशद्वार निर्माण

❐ कांक्रेविहार संवाददाता
डोल्पा, ३० फागुन



डोल्पाको ठूलीभेरी नगरपालिकाले त्रिपुरासुन्दरी नगरपालिकासँग जोडिएको भेत्ती खोलामा ऐतिहासिक प्रवेशद्वार निर्माण गर्ने प्रक्रिया अघि बढाएको छ। नगरपालिकाको पहिचान, गौरव र सिमानाको स्पष्टता कायम गर्ने उद्देश्यले उक्त प्रवेशद्वार निर्माण गर्न लागिएको हो। नगर प्रमुख सुवर्ण कुमार बुढाका अनुसार भेत्ती खोलामा निर्माण गरिने प्रवेशद्वारले नगरपालिकाको सिमाना स्पष्ट रूपमा चिनाउने मात्र नभई नगर क्षेत्रमा प्रवेश गर्ने स्थानीय बासिन्दा, आन्तरिक तथा बाह्य पर्यटकलाई आत्मीय र न्यानो स्वागत गर्ने प्रतीकका रूपमा रहनेछ। ठूलीभेरी नगरपालिकाको मौलिकता, संस्कृति र सौन्दर्यलाई समेत झल्काउने गरी विशिष्ट शैलीमा प्रवेशद्वार निर्माण गरिनेछ। नगरको चौतर्फी विकास, सौन्दर्य अभिवृद्धि तथा पहिचान मजबुत बनाउन नगरपालिका निरन्तर प्रतिबद्ध रहेको नगरप्रमुख बुढाले बताए।

यसैबीच शुक्रबार नगर प्रमुख बुढाको नेतृत्वमा त्रिपुरासुन्दरी नगरपालिका र ठूलीभेरी नगरपालिकाको सिमाना पर्ने भेत्ती क्षेत्रमा प्रस्तावित प्रवेशद्वार निर्माण स्थलको स्थलगत अनुगमन तथा प्राविधिक निरीक्षण गरिएको हो। अनुगमनमा इन्जिनियर हिरा बहादुर बोहोरा, प्राविधिक शचन्द्रदेव बडु लगायतको टोली सहभागी थियो। प्रवेशद्वार निर्माण भएपछि यसले नगरको सिमाना चिनाउने मात्र नभई सामाजिक, सांस्कृतिक तथा पर्यटकीय सन्देश दिने अपेक्षा गरिएको छ।

# क्यान्सर उपचारसम्बन्धी सीएमई कार्यक्रम



❐ कांक्रेविहार संवाददाता
कोहलपुर, ३० फागुन

भारतको लखनउस्थित म्याक्स सुपर स्पेसियालिटी हस्पिटल र नेपाल मेडिकल एसोसिएसन (एनएमए) भेरी च्याप्टरको सहकार्यमा नेपालगन्जमा क्यान्सर उपचारसम्बन्धी शैक्षिक कार्यक्रम सम्पन्न भएको छ। 'रिसेन्ट अपडेट्स इन अन्कोलोजी' शीर्षकको कन्टिन्युइङ मेडिकल एजुकेशन (सीएमई) कार्यक्रममा क्यान्सर पहिचान, शल्यक्रिया तथा आधुनिक उपचार विधिमा भएका पछिल्ला प्रगतिबारे विशेषज्ञहरूले प्रस्तुति दिएका थिए।

कार्यक्रममा डा. शाश्वत बर्माले अत्याधुनिक 'पेट-सिटी' प्रविधिले क्यान्सरको प्रारम्भिक पहिचानमा सहयोग गर्ने बताए। डा. राहुल यादव र डा. शशांक चौधरीले रोबोटिक सर्जरीमार्फत जटिल क्यान्सर उपचारलाई सुरक्षित र प्रभावकारी बनाउन सकिने जानकारी दिए। त्यस्तै, सुशील कोइराला प्रखर क्यान्सर अस्पतालका डा. मुकेश यादवले क्यान्सर उपचारमा रेडियोथेरापीको महत्वबारे चर्चा गरे।

कार्यक्रममा म्याक्स सुपर स्पेसियालिटी हस्पिटलले सर्जरी, किमोथेरापी, इम्युनोथेरापी तथा आधुनिक रेडिएसन थेरापी सेवा एउटै छानामुनि उपलब्ध गराउँदै आएको जानकारी पनि दिइएको थियो।

बराहताल गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय,**
कुनाथरी, सुर्खेत
कर्णाली प्रदेश नेपाल

**जनहितमा जारी सन्देश !**

- हावाहुरीबाट बचौ र बचाऔं।  - घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**आगलागीबाट बच्नको लागि**

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस्।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस्।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस्।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस्।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस्।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस्।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं।

**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं।  - पानी उमालेर मात्र पिऔं।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं।  - पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं।

वनगाड कुपिण्डे नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय,**
देवस्थल, सल्यान
कर्णाली प्रदेश नेपाल

**जनहितमा जारी सन्देश !**

- हावाहुरीबाट बचौ र बचाऔं।  - घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**आगलागीबाट बच्नको लागि**

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस्।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस्।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस्।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस्।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस्।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस्।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं।

**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं।  - पानी उमालेर मात्र पिऔं।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं।  - पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं।




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)